# आकाशवाणी समाचार- नेपाली
## मितिः १६ जून २०२६
## समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मु आज मध्य प्रदेशको ओंकारेश्वरमा अन्तर्राष्ट्रिय सिकल सेल दिवसको अवसरमा आयोजित कार्यक्रममा भाग लिनु हुनेछ। त्यसपछि उहाँले ओडिशाको रायरंगपुरमा धैरै विकास परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले भारत विश्वको लागि एक विश्वसनीय साझेदारको रूपमा उदाइरहेको बताउनु भएको छ।

३. प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्सको सफल भ्रमणपछि स्वदेश फर्किनु भएको छ।

४. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा प्रधानमन्त्री विकसित भारत रोजगार योजना अन्तर्गत जम्मा **2 हजार 4 सय** करोड प्रोत्साहन रकम वितरण गर्नुहुनेछ।

५. कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले चार राज्यहरू तमिलनाडु, गुजरात, उत्तर प्रदेश र हरियाणाका लागि न्यूनतम समर्थन मूल्य एमएसपीमा दाल र तिलहनको ठूलो मात्रामा खरिदलाई अनुमोदन गर्नुभएको छ।

## राष्ट्रपति – सिकल सेल रोग

राष्ट्रपति द्रौपदी मुर्मु आज मध्य प्रदेशको ओंकारेश्वरमा अन्तर्राष्ट्रिय सिकल सेल दिवसको अवसरमा आयोजित कार्यक्रममा भाग लिनु हुनेछ। त्यसपछि उहाँले ओडिशाको रायरंगपुरमा धैरै विकास परियोजनाहरूको उद्घाटन गर्नु हुनेछ। यसमा एम्स भुवनेश्वरद्वारा आयोजित चिकित्सा शिविर, खानी प्रभावित गाउँहरूको लागि एक विशाल एकीकृत ग्रामीण पाइपलाइन पानी आपूर्ति परियोजना, ब्रह्मा कुमारिसको मातृशक्ति भवन र एक विशेष सर्किट हाउस समावेश छन्। यसअघि, राष्ट्रपतिले हिजो बेतुलमा "आध्यात्मिक जागरणमार्फत आदिवासी समाजको सशक्तिकरण" भन्ने विषयवस्तुमा केन्द्रित कार्यक्रममा भाग लिनुभयो। यस अवसरमा बोल्नु हुँदै उहाँले आदिवासी समुदायको सशक्तिकरण देशको विकासको लागि महत्त्वपूर्ण रहेको टिप्पणी गर्नु भयो र उनीहरूको जीवनशैली प्रकृति र आध्यात्मिक मूल्यमान्यतामा गहिरो जरा गाडेको उल्लेख गर्नु भयो।
यसपछि, राष्ट्रपतिले खाण्डवा जिल्लाको ओंकारेश्वर र ममलेश्वर ज्योतिर्लिंग मन्दिरहरूमा प्रार्थना गर्नु भयो।
भ्रमणको अर्को चरणमा, राष्ट्रपति द्रौपदी मुर्मु र प्रधानमन्त्री नरेन्द्र मोदी भोलि ओडिशाको मयूरभंज जिल्लाको पहाडपुर गाउँको भ्रमण गर्नु हुनेछ। आइतबार, राष्ट्रपति जबलपुरमा अन्तर्राष्ट्रिय योग दिवस समारोहमा भाग लिनु हुनेछ र रानी दुर्गावती विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिनु हुनेछ। उहाँ २२ जूनमा कुनो राष्ट्रिय निकुञ्जको भ्रमण गर्नु हुनेछ।

## उपराष्ट्रपति – लद्दाखको भ्रमण

उपराष्ट्रपति सी.पी. राधाकृष्णन आजदेखि लद्दाखको तीन दिने भ्रमणमा निस्कँदै हुनुहुन्छ। उहाँले लेहमा अन्तर्राष्ट्रिय योग दिवस समारोहमा भाग लिनुहुनेछ। यो श्री राधाकृष्णनको केन्द्र शासित प्रदेश लद्दाखको पहिलो भ्रमण हो। भ्रमणको क्रममा उपराष्ट्रपति भोलि लुकुङ गाउँको भ्रमण गर्नुहुनेछ, जहाँ उहाँले स्थानीय स्व-सहायता समूहहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। उहाँले वाइब्रेंट विलेजेज अन्तर्गत सीमा क्षेत्रमा चलिरहेका विकास परियोजनाहरूको पनि समीक्षा गर्नुहुनेछ। उपराष्ट्रपतिले युद्ध स्मारकमा श्रद्धाञ्जली अर्पण गर्नुहुनेछ।

श्री राधाकृष्णन २१ जुनमा लेहमा अन्तर्राष्ट्रिय योग दिवस समारोहमा भाग लिनुहुनेछ। योगमार्फत समग्र स्वास्थ्य र कल्याणको सन्देश प्रवर्द्धन गर्न युवा, सशस्त्र बलका कर्मचारी र विभिन्न संस्थाका सदस्यहरूले कार्यक्रममा भाग लिनु हुनेछ।

**प्रधानमन्त्री – भारतीय समुदाय**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत विश्वको लागि एक विश्वसनीय साझेदारको रूपमा उदाइरहेको बताउनु भएको छ। हिजो राति पेरिसमा भारतीय समुदायलाई सम्बोधन गर्नु हुँदै श्री मोदीले भन्नु भयो, देशहरूबीचको सम्बन्ध पहिले व्यापारमा मात्र आधारित थियो, तर अब वाणिज्यसँगै विश्वास पनि उत्तिकै महत्त्वपूर्ण भएको छ। श्री मोदीले भन्नु भयो, जी-7 बैठकमा उहाँले विश्वासमा आधारित साझेदारीको महत्त्वमा जोड दिनु भयो। प्रधानमन्त्रीले जी-7 शिखर सम्मेलनमा स्पष्ट सन्देश दिनु भयो, विश्वव्यापी शासन समावेशी हुँदा मात्र प्रभावकारी हुन्छ। उहाँले जोड दिनु भयो, विश्वव्यापी वृद्धि साझा हुँदा मात्र दिगो हुन्छ र प्रविधिले विश्वासमा आधारित हुँदा मात्र मानवतालाई साँच्चै फाइदा पुऱ्याउँछ। श्री मोदीले भन्नु भयो, विश्व हाल अनिश्चितता र अवरोधको अवधिमा गुज्रिरहेको छ। उहाँले भन्नु भयो, यी चुनौतीपूर्ण समयमा, फ्रान्स र भारतबीचको साझेदारी विश्वास, स्थिरता र सहयोगको बलियो स्तम्भको रूपमा देखा परेको छ। उहाँले भन्नु भयो, दुबै पक्षले आफ्नो सम्बन्धलाई विशेष विश्वव्यापी रणनीतिक साझेदारीको स्तरमा पुराएका छन् ।

**बाइट**

श्री मोदीले आफ्नो सरकारको १२ वर्ष पूरा भएको अवसरमा आफू फ्रान्स आइपुगेको बताउनु भएको छ। उहाँले विगत १२ वर्षमा भारतले सबै क्षेत्रमा अभूतपूर्व विकास देखेको बताउनु भएको छ।

**बाइट**

**प्रधानमन्त्री – पेरिस भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी फ्रान्सको सफल भ्रमणपछि स्वदेश फर्किनु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै श्री मोदीले भारत र फ्रान्सबीचको मित्रता भविष्यमा अझ बलियो हुने बताउनु भएको छ। प्रधानमन्त्रीले फ्रान्सको यो भ्रमणले धेरै महत्त्वपूर्ण परिणामहरू प्राप्त गरेको उल्लेख गर्नु भयो। यो महत्त्वपूर्ण भ्रमण नाइसमा 'इन्डिया इनोभेट्स' कार्यक्रमबाट सुरु भयो। त्यसपछि, प्रधानमन्त्रीले इभियनमा जी-7 शिखर सम्मेलन र पेरिसमा भिभाटेक शिखर सम्मेलनमा भाग लिनु भयो। प्रधानमन्त्री श्री मोदीले एक सामुदायिक कार्यक्रमलाई पनि सम्बोधन गर्नु भयो र प्रमुख कार्यकारी अधिकारी (सीईओ) सँग भेट गर्नु भयो। श्री मोदीले राष्ट्रपति म्याक्रोन र फ्रान्सका जनतालाई न्यानो स्वागतको लागि कृतज्ञता व्यक्त गर्नु भयो।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले प्रधानमन्त्री मोदीको सफल भ्रमणले भारत-फ्रान्स विशेष विश्वव्यापी रणनीतिक साझेदारीलाई नयाँ गति प्रदान गरेको र प्रमुख क्षेत्रहरूमा सहयोग बढाउने साझा प्रतिबद्धतालाई बलियो बनाएको बताउनु भयो। प्रधानमन्त्री इमानुएल म्याक्रोनले प्रधानमन्त्री श्री मोदीको फ्रान्स भ्रमणको समापनमा हिन्दीमा विशेष विदाई भिडियो सन्देश रेकर्ड गर्नु भयो।

**प्रधानमन्त्री विकसित भारत रोजगार योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा प्रधानमन्त्री विकसित भारत रोजगार योजना अन्तर्गत जम्मा **2 हजार 4 सय** करोड प्रोत्साहन रकम वितरण गर्नुहुनेछ। केन्द्रीय श्रम तथा रोजगार मन्त्री डा. मनसुख मण्डावियाले भन्नु भयो, योजनाको सुरुवातदेखि नै ६३ लाखभन्दा बढी कर्मचारीहरूलाई औपचारिक कार्यवलमा समावेश गरिएको छ, जसमा महिलाहरूको हिस्सा लगभग ३० प्रतिशत रहेको छ। उहाँले उल्लेख गर्नु भयो, यी प्रोत्साहनहरू प्राप्त गर्ने ८० प्रतिशतभन्दा बढी प्रतिष्ठानहरू २५ भन्दा कम कर्मचारी भएका साना उद्यमहरू हुन्। डा. मण्डावियाले भन्नु भयो, कार्यक्रमको क्रममा प्रत्यक्ष लाभ हस्तान्तरणमार्फत १५ लाखभन्दा बढी लाभार्थीहरूलाई प्रोत्साहन रकम हस्तान्तरण गरिनेछ। आफ्नो पहिलो सरकारी नोकरी प्राप्त गर्ने युवाहरूले दुई किस्तामा १५ हजार रुपियाँसम्मको प्रोत्साहन रकम प्राप्त गर्नेछन्।

**प्रधान मन्त्री किसान योजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि पश्चिम बंगालको हुग्ली जिल्लाको तारकेश्वरबाट प्रधानमन्त्री किसान सम्मान निधि - पीएम-किसान योजनाको 23 औं किस्ता जारी गर्नु हुनेछ। कृषि तथा कृषक कल्याण मन्त्रालयले देशभरका ९४ करोडभन्दा बढी किसानको बैंक खातामा १८ हजार ८८० करोड रुपियाँभन्दा बढी रकम सिधै हस्तान्तरण गरिने जानकारी दिएको छ। यस किस्ताबाट २ करोड १८ लाखभन्दा बढी महिला किसानहरू पनि लाभान्वित हुनेछन्। यस किस्ताको साथ फरवरी 2019 मा सुरु भएको पीएम-किसान योजना अन्तर्गत वितरण गरिएको जम्मा रकम 4 लाख 46 हजार करोड रुपियाँभन्दा बढी हुनेछ। पश्चिम बंगालमा मात्रै ४५ लाख ३५ हजारभन्दा बढी किसानले नयाँ किस्ता अन्तर्गत ९०७ करोड रुपियाँभन्दा बढी रकम पाउनेछन्। यस अवसरमा प्रधानमन्त्रीले पश्चिम बंगालमा धेरै महत्त्वपूर्ण कृषि पहलहरूको पनि शुभारम्भ गर्नु हुनेछ। यसमा प्रधानमन्त्री फसल बीमा योजना र पुनर्गठित मौसम आधारित फसल बीमा योजना समावेश छ, जसको लक्ष्य 2026-27 मा राज्यका एक करोड 10 लाखभन्दा बढी किसानहरूलाई बीमा कभरेज प्रदान गर्ने छ। श्री मोदीले डिजिटल कृषि मिशन अन्तर्गत एग्रीस्टैक पनि सुरु गर्नु हुनेछ जसले किसानहरूलाई एकीकृत डिजिटल प्लेटफर्ममार्फत बाली बीमा, ऋण, मल वितरण र प्रत्यक्ष लाभ हस्तान्तरण जस्ता सेवाहरू पहुँच गर्न सक्षम पार्नेछ। प्रधानमन्त्रीले राज्यमा प्राकृतिक कृषिमा राष्ट्रिय मिशनको पनि शुभारम्भ गर्नु हुनेछ। यस अभियानअन्तर्गत १७ हजार ३०० हेक्टरमा ३४६ प्राकृतिक कृषि क्लस्टर स्थापना गरी ४३ हजारभन्दा बढी किसान लाभान्वित हुनेछन्।

**चौहान-खरीद**

कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले चार राज्यहरू तमिलनाडु, गुजरात, उत्तर प्रदेश र हरियाणाका लागि न्यूनतम समर्थन मूल्य एमएसपीमा दाल र तिलहनको ठूलो मात्रामा खरिदलाई अनुमोदन गर्नुभएको छ। कृषि तथा किसान कल्याण मन्त्रालयले यी राज्यहरूमा यो खरिद मूल्य समर्थन योजना अन्तर्गत गरिने बताएको छ। यस वर्षको गर्मी मौसमको लागि स्वीकृत खरिदबाट उत्तर प्रदेशले सबैभन्दा बढी फाइदा उठाएको छ। राज्यको लागि ४८ हजार २९८ मेट्रिक टन मुग, ९७ हजार ९७० मेट्रिक टन उडद र ४१ हजार ७१८ मेट्रिक टन बदाम खरिदको लागि स्वीकृति दिइएको छ। यी परिमाणहरूको जम्मा एमएसपी एक हजार 490 करोड़ भन्दा बढी छ। गुजरातको लागि यस वर्षको गर्मी मौसमको लागि १८ हजार २५० मेट्रिक टन मुगको खरिदलाई अनुमोदन गरिएको छ। स्वीकृत खरिदको लागि एमएसपी एक सय 60 करोड़भन्दा बढी हुने अनुमान गरिएको छ।

श्री चौहानले रबी मार्केटिङ सिजन २०२५-२६ अन्तर्गत तमिलनाडुको लागि मुग खरिद सीमा ८८५ मेट्रिक टनबाट बढाएर ९९० मेट्रिक टन पुर्‍याउन स्वीकृति दिनुभयो, जसले गर्दा थप १०५ मेट्रिक टन खरिद गर्न सम्भव भयो। राज्यमा स्वीकृत खरिदको जम्मा एमएसपी 8 करोड़ 68 लाख छ।

कृषि मन्त्रीले यस वर्षको गर्मी सिजनको लागि हरियाणाको लागि २ हजार ११५ मेट्रिक टन मुग खरिद गर्न स्वीकृति दिनुभयो। यस खरिदको जम्मा एमएसपी 18 करोड़भन्दा बढी हुनेछ।

**मुख्य समाचार        बिहान ७.२५ बजे ,दिनांक १७ /०६/२६.**

१.प्रधानमंत्री नरेन्द्र मोदीले  फ्रांसमा हिज जी-7 शिखर सम्मेलनमा  एक सत्रलाई संबोधित गर्नुहुदै अंतरराष्ट्रीय साझेदारीमा  **विश्वास** को  महत्वमाथि  ज़ोर दिनु भएको छ ।

२.जी-7 शिखर सम्मेलनको  क्रममा , प्रधानमंत्री नरेंद्र मोदीले  आज अमरीकाका  राष्ट्रपति डोनाल्ड ट्रंपको  साथ बैठक गर्नुहुनेछ ।

३.यमुना नदीको पुनरुत्थानका लागि किशाउ बाँध परियोजनामा छवटा राज्यबीच सहमति भएको छ।।

**४.आगामी NEET परीक्षालाई ध्यानमा राख्दै राष्ट्रिय परीक्षण एजेन्सी (NTA) ले विद्यार्थी र अभिभावकहरूलाई ठगी गर्नेहरूबाट सावधान रहन आग्रह गरेको छ।**

**५.श्रीलंकामा त्रिकोणात्मक एकदिवसीय क्रिकेट शृंखलामा आज भारत ए ले अफगानिस्तान ए को सामना गर्नेछ। खेल बिहान १०:०० बजे सुरु हुनेछ।**